# संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ सम्बन्धी केही तथ्यहरु

## सुरक्षा परिषद प्रस्ताव भनेको के हो?

संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव भनेको संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरु बीच कुनै एक विषयमा कसरी काम गर्ने भन्ने एउटा समझदारी हो । कुनैपनि प्रस्ताव अनुमोदन भएपछि त्यो विषय संयुक्त राष्ट्र संघको कार्य तालिकामा समावेश गरिन्छ । त्यसपछि सम्पूर्ण सदस्य राष्ट्रहरु त्यसलाई कानुनी रुपमा मान्न बाध्य हुन्छन । हरेक नागरिकसंग आफ्नो राष्ट्रको वा अन्य कुनै राष्ट्रको सरकारलाई उक्त प्रस्ताव कार्यान्वयनको माग गर्ने अधिकार निहित हुन्छ । त्यस्तै प्रस्तावमा उल्लेखित प्रतिवद्धताहरु कसरी कार्यान्वयन भई रहेका छन् सो को प्रतिवेदन तयार गर्ने जिम्मेवारी हरेक सदस्य राष्ट्रहरुको हुन्छ ।

## संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ भनेको के हो?

सन् २००० अक्टोवर ३१ मा संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको ४२३१ औं बैठकले प्रस्ताव १३२५ लाई सर्व सम्मत रुपमा पारित गरेको हो । यस प्रस्तावलाई अन्तर्राष्ट्रिय महिला अधिकार र महिला, शान्ति र सुरक्षाको क्षेत्रमा कोशेढुङ्गा मान्न सकिन्छ । संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ सुरक्षा परिषदको पहिलो औपचारिक र कानुनी दस्तावेज हो । यसले द्वन्द्वरत पक्षहरुलाई द्वन्द्वको समयमा, शान्ति निमार्ण र द्वन्द्व पश्चातको पुननिमार्ण प्रकृयामा महिला र बालिकाहरुको अधिकार र आवश्यकताको सम्मान गर्न विशेष जोड दिन्छ । यो प्रस्तावले सशस्त्र द्वन्द्वको समयमा र द्वन्द्व पश्चात पनि महिला र बालिकाहरुको सुरक्षामा जोड दिंदछ ।

संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ संसार भरिकै महिलाहरुको लामो संघर्ष पश्चात आएको हो । यो अन्तर्राष्ट्रिय महिलाहरुको संगठन, ग्रामिण संजालहरु, सहयोगी सदस्य राष्ट्रहरु र संयुक्त राष्ट्र संघको विभिन्न निकायहरुको बृहत प्रयासको उपलब्धि हो । त्यस्तै यो प्रस्ताव सन् १९९० को दशकमा सम्पन्न भएका संयुक्त राष्ट्र संघको श्रृंखलाबद्ध सम्मेलनहरुमा मानव अधिकारको सिद्धान्तहरुलाई अन्तर्राष्ट्रिय समुदायले पालना गर्न जोड दिंदै हरेक क्षेत्रमा महिलाहरुको सहभागिताको लागि भएको महत्वपूर्ण प्रतिबद्धताहरुको परिणाम पनि हो । यसरी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ ले विगतका नीतिगत संयन्त्रहरुमा थप शक्ति प्रदान गरेको पाईन्छ ।

## संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ किन महत्वपूर्ण छ?

- शान्ति स्थापनामा महिलाको सहभागिता र सुरक्षाको क्षेत्रमा संयुक्त राष्ट्र संघको सबैभन्दा शक्तिशाली निर्णायक निकाय सुरक्षा परिषद मार्फत गरिएको महत्वपूर्ण प्रतिबद्धता हो ।
- सुरक्षा परिषदको प्रस्ताव भएकोले यसलाई विश्वसमुदायद्वारा अन्तराष्ट्रिय कानून मानिएको छ र सम्पूर्ण सदस्य राष्ट्रहरु यसलाई कार्यान्वयन गर्न बाध्य हुन्छन । नेपाल पनि संयुक्त राष्ट्र संघको सदस्य भएको नाताले यस प्रस्ताव अनुसार काम गर्न र यसलाई कार्यान्वयन गर्न बाध्य छ ।[१]
- यसले औपचारिक रुपमा शान्ति निमार्ण प्रकृया र शान्ति सम्झौताहरु कार्यान्वयन गर्दा महिला समावेशीकरणलाई स्विकार गर्दछ ।
- द्वन्द्वको समयमा र द्वन्द्वपछि पनि महिला र बालिकाहरुको आवश्यकताहरुलाई महत्व दिने यो एउटै मात्र विशिष्ट प्रस्ताव हो ।
- यसले सदस्य राष्ट्रहरु लगायत सम्पूर्ण सम्बन्धित साझेदारहरु- संयुक्त राष्ट्र संघ सदस्य राष्ट्रहरु, नागरिक समाज, प्रहरी तथा न्यायपालिकाहरुलाई शान्ति स्थापना प्रकृयामा महिलाहरुको सहभागिता सुनिश्चित गर्न र द्वन्द्वग्रस्त क्षेत्रहरुमा महिला तथा बालिकाहरुको सुरक्षामा सुधार गर्न बाध्य तुल्याँउछ ।
- प्रस्तावमा भएका नितिहरु कार्यान्वयन गर्न र महिला र बालिकाहरुको अर्थपूर्ण सहभागिता गराउनको लागि सदस्य राष्ट्रहरुलाई यस प्रस्ताव मार्फत उत्तरदायी बनाउन सकिन्छ । तसर्थ, संयुक्त राष्ट्र संघ सुरक्षा परिषद १३२५ सम्पूर्ण साझेदार राष्ट्रहरु देखि ग्रामिण तहका नागरिक समाजको लागि एउटा शक्तिशाली संयन्त्र सावित भएको छ ।

## संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ का मुख्य प्रतिवद्धताहरुः

यस प्रस्तावले सुरक्षा परिषद, संयुक्त राष्ट्रसंघीय महासचिव, सदस्य राष्ट्र र अन्य समुहहरु (गैर सरकारी व्यक्ति, लडाकुहरु, मानवीय सेवा प्रदायक र नागरिक समाज) लाई निम्न पाँच अन्तर–सम्बन्धित क्षेत्रहरुमा कार्य गर्न आह्वान गर्दछ ।

### १. शान्ति निमार्ण तथा निर्णायक तहमा महिलाहरुको सहभागिता

- द्वन्द्व रोकथाम, व्यवस्थापन तथा द्वन्द्व समाधानको लागि सदस्य राष्ट्रहरुले राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था तथा संयन्त्रहरुको हरेक निर्णायक तहमा महिलाहरुको प्रतिनिधित्वलाई वृद्धि गर्नु पर्दछ । यो प्रतिबद्धता नेपालमा प्रतिनिधि सभाले जुन २००६ (२०६३ जेठ) मा गरेको घोषणा संग सम्बन्धित हुन सक्दछ । यो घोषणाले राज्यको हरेक तहमा ३३% महिलाहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ ।
- संयुक्त राष्ट्रसंघीय महासचिवले अझ धेरै संख्यामा विशेष महिला प्रतिनिधि तथा दुतहरु नियुक्त गर्नु पर्दछ । तर यो नेपालको सन्दर्भमा लागु भएको छैन । विगतमा संयुक्त राष्ट्रसंघबाट नेपाल पठाइएका दुतहरु सबै पुरुष थिए । वर्तमान अवस्थामा नेपाल स्थित संयुक्त राष्ट्रसंघीय मिसनका (UNMIN) लागि संयुक्त राष्ट्रसंघीय महासचिवको विशेष दुत तथा सहायक (deputy) दुतमा पनि पुरुषहरुनै नियुक्त भएका छन् । नेपालको इतिहासमा हालसम्ममा एक जना महिला मात्र राजदुतको रुपमा नियुक्त भएको पाईन्छ ।
- संयुक्त राष्ट्र संघको फिल्डमा आधारित अपरेसनहरुमा सैन्य निरीक्षक, नागरिक प्रहरी,

१ संयुक्त राष्ट्र संघमा १९२ राष्ट्रहरु सदस्य छन् जसमध्ये नेपाल पनि एक हो ।

मानव अधिकार तथा मानवीय सहायताकर्मी माझ महिलाहरुको भूमिका र योगदानलाई वृद्धि गर्नु पर्दछ। नेपालको सन्दर्भमा यो नेपाल स्थित संयुक्त राष्ट्रसंघीय मिसनका (UNMIN) अनुगमनकर्ताहरुसंग सम्वन्धित छ। हाल नेपालमा १९३ जना अनुगमन-कर्ताहरु छन् जसमा १३ जना मात्र महिला छन।

- द्वन्द्व समाधानको लागि स्थानिय महिलाहरुले चलाएका अभियान तथा मौलिक प्रकृयाहरुलाई सहयोग गर्ने र शान्ति सम्झौता कार्यान्वयनको सम्पूर्ण संयन्त्रहरुमा महिलालाई सहभागी गराउने। नेपालमा २००६ को शान्ति सम्झौता मस्यौदा तयार गर्दा कुनैपनि महिलालाई सहभागी गराईएको थिएन। नेपालको अन्तरिम संविधान मस्यौदा समितिको १६ जना सदस्य मध्ये ४ जना मात्र महिला थिए।

## २. लैङ्गिक अवधारणा तथा शान्तिस्थापना विषयमा प्रशिक्षण

- लैङ्गिक सचेतना प्रशिक्षणको लागि सदस्य राष्ट्रहरुले निस्वार्थ आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय सहयोग वृद्धि गर्नु पर्दछ।
- सुरक्षा परिषदले आफ्नो मिसन/अभियानमा स्थानिय तथा अन्तराष्ट्रिय महिला समुहहरुसंग विस्तृत छलफल तथा परामर्शबाट लैङ्गिक सोच र महिलाको अधिकारलाई ध्यान पुऱ्याएको कुरा सुनिश्चित गर्नु पर्दछ।
- महासचिवले महिलाहरुको विशेष आवश्यकता र अधिकारको साथै महिलालाई शान्ति निमार्ण र शान्तिस्थापना टोलीमा संलग्न गराउनुको महत्वको बारेमा प्रशिक्षण निर्देशिका तथा सामाग्रीहरु सदस्य राष्ट्रहरुलाई उपलब्ध गराउनु पर्दछ।
- सुरक्षा परिषदको सम्पूर्ण मध्यस्थता अपरेसनहरुमा लैङ्गिक अवधारणालाई समावेश गर्नु पर्दछ।
- सम्पुर्ण वरिष्ठ तहहरुमा लैङ्गिक कक्ष (जेण्डर युनिट) स्थापना गर्नु पर्दछ। नेपाल स्थित संयुक्त राष्ट्र संघीय मिसन (UNMIN) मा उच्च तहको एक जना लैङ्गिक सल्लाहकार रहेका छन्।
- सम्पूर्ण शान्तिस्थापना टोलीका व्यक्तिहरुलाई लैङ्गिक प्रशिक्षण दिनु पर्दछ। नेपाल स्थित संयुक्त राष्ट्रसंघीय मिसन (UNMIN) का अनुगमनकर्ताहरुले लैङ्गिक विभेद तथा यौन दुर्व्यवहार र शोषण सम्बन्धी प्रशिक्षण लिने तथा दिने पनि गर्दछन।

## ३. महिला र बालिकाहरुको सुरक्षा

यो प्रस्तावले वार्ता तथा शान्ति सम्झौता कार्यान्वयन गर्ने सम्पूर्ण सदस्यहरुलाई निम्न कार्यहरुमा लैङ्गिक अवधारणा समावेश गर्न आवह्वान गर्दछ।

- द्वन्द्व पश्चात हुने निशस्त्रिकरण, पूर्नस्थापना तथा पुर्नएकिकरण प्रकृयामा। नेपालको सन्दर्भमा यो पूर्व माओवादी महिला लडाकुहरुले पुरुष सहकर्मी जस्तै समान रुपमा पुर्नस्थापित हुने अवसर पाएको तथ्यसंग सम्बन्धित छ।
- संविधान, निर्वाचन प्रणाली, प्रहरी र न्यायिक सेवामा मानव अधिकारको संरक्षण र सम्मान गर्ने। हाल नेपालको सन्दर्भमा यसलाई अन्तरिम संविधान, निर्वाचन ऐन, संविधानसभा र सत्य निरुपण तथा मेलमिलाप आयोगमा मानव अधिकारको सम्मान हुनुपर्ने कुरालाई लिन सकिन्छ।
- द्वन्द्वरत सबै पक्षहरुले महिला र बालिकाहरुलाई लैङ्गिक हिंसा, विशेषगरी बलात्कार तथा अन्य यौनजन्य हिंसा, र सशस्त्र द्वन्द्वको अवस्थामा अन्य प्रकारको हिंसाहरु बाटसंरक्षण दिनु पर्दछ।
- शरणार्थी शिविरहरुको मानवीय गुणलाई सम्मान गर्नु पर्दछ। साथै यस्ता शिविर निर्माण गर्दा देखि नै महिला र बालिकाहरुको विशेष आवश्यकतालाई ध्यानमा राख्ने। नेपालको सन्दर्भमा यो भुटानी शरणार्थी शिविरसंग सम्बन्धित हुन सक्दछ।
- सशस्त्र द्वन्द्वको समयमा महिला र बालिकाहरुलाई लैङ्गिक हिंसा तथा अन्य प्रकारका यौनजन्य हिंसाबाट सुरक्षा दिन सबै राष्ट्रहरुले विशेष नीति अपनाउनु पर्दछ।
- सबै राष्ट्रले यौनजन्य हिंसा तथा महिला विरुद्ध अन्य कुनै प्रकारको हिंसा सम्बन्धी दण्डहिनतालाई

अन्त्य गर्नु पर्दछ । नेपालमा यो सत्य निरुपण तथा मेलमिलाप आयोगमा लैङ्गिक अवधारणा समावेश गर्ने विषयसंग सम्बन्धित छ । उदाहरणको लागि महिलाहरुको विशेष सुनुवाई कार्यक्रम आयोजना गर्ने जसले गर्दा उनीहरुलाई लैङ्गिक हिंसा जस्तो संवेदनशील विषयमा खुलेर बोल्न सहयोग पुऱ्याउने छ ।

- महिला र पुरुष लडाकुहरुको भिन्दा भिन्दै आवश्यकतालाई ध्यानमा राख्नु पर्दछ । नेपालको जन मुक्ति सेनामा करिब ३0% देखि ४0% महिला छन् भनिएता पनि संयुक्त राष्ट्र संघले पहिलो हतियार प्रमाणीकरण गर्दा १९% महिला मात्र जनमुक्ति सेनामा रहेको पाईएको थियो । अन्य देशहरुको हतियार प्रमाणीकरण प्रक्रियाबाट पनि महिला योद्धाहरु अगाडि पंक्तिमा छैनन् भन्ने स्पष्ट देखिएको छ ।[२]

### ४. संयुक्त राष्ट्र संघको रिपोर्टिङ्ग तथा संयन्त्र कार्यान्वयनमा लैङ्गिक मुलप्रवाहिकरण

- महासचिवले द्वन्द्वले महिला र बालिकाहरु माथि परेको असरहरु, शान्ति स्थापनामा महिलहरुको भूमिका तथा शान्ति प्रकृयामा लैङ्गिक आयामहरुको बारेमा अनुसन्धान तथा अध्ययन गराउनु पर्नेछ ।
- महासचिवले शान्तिस्थापना अभियान तथा अन्य सम्बन्धित क्षेत्रमा भएको लैङ्गिक मुलप्रवाहिकरणको प्रगतिको बारेमा सुरक्षा परिषदमा जाहेर गर्नु पर्दछ ।
- सुरक्षा परिषदका मिसनहरुमा लैङ्गिक सोच र महिलाहरुको अधिकारलाई समाहित गर्नु पर्दछ ।
- मिसन/अभियानमा रहँदा सुरक्षा परिषदका सदस्हरुले महिला समूह तथा संघ संस्थासंग परामर्श गर्नु पर्दछ । २00६ को जुलाई र डिसेम्वरमा संयुक्त राष्ट्र संघका दुवै प्राविधिक मिसनहरुले नेपालको महिला समुहहरुसंग छलफल परामर्श गरेका थिए ।

२ पुर्नस्थापनको लाभ उठाउनको लागि पुरुष लडाकुहरु नै अगाडि पंक्तिमा देखिन्छन् । गर्भावस्थाको कारण वा अन्य कारणले गर्दा महिला लडाकुहरु प्रमाणीकरणको बेला क्याम्पमा उपस्थित नहुन सक्दछन् ।

**श्रोत:**


ईनक्लुसिभ सेक्यूरिटी सस्टेनेवल पिस ए टुलकिट फर एडभोकेसी एण्ड एक्शन: ईन्टरन्याशनल अलर्ट एण्ड ओमन वेजिङ्ग पिस, २00४

संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट पारित प्रस्ताव १३२५, सशस्त्र द्वन्द्वको सन्दर्भमा महिला, शान्ति र सुरक्षासँग सम्बन्धित जानकारी पुस्तिका, यूनिफेम र शान्ति मालिका, २00७

सेक्यूरिटी काउन्सिल १३२५ एनोटेटेड एण्ड एक्सप्लेन्ड, यूनिफेम

# शान्ति स्थापनाका हरेक प्रकृयामा महिला सहभागिता

**संयुक्त राष्ट्र संघ सुरक्षा परिषद १३२५ ले सबै प्रकारको द्वन्द्व रोकथाम तथा शान्ति निर्माण प्रक्रियामा महिला सहभागितामा विशेष जोड दिएको छ । महिला सहभागिताको सन्दर्भमा तयार पारिएको यो मिडिया सामाग्री संविधान सभा निर्वाचनमा केन्द्रित रहेको छ ।**

महिलाले विश्वको आधा जनसंख्या ओगटेको छ र प्रायः द्वन्द्व प्रभावित समुहमा महिला नै बढी मात्रामा पाईन्छन् । प्रजातान्त्रिक अवधारणाअनुसार सम्पूर्ण राष्ट्रनिर्माणको प्रक्रियामा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्न राज्य स्पष्ट हुनु पर्दछ । शान्तिवार्ता द्वन्द्व रुपान्तरणको पहिलो चरण हो र आफ्नो देशको भविष्य निर्धारण गर्ने यस्तो प्रक्रियामा महिलाहरु सहभागी हुनु पर्दछ । तथापि, विश्वव्यापी रुपमा द्वन्द्वको बेला महिलाहरु परिवारको हेरचाह र बचाउ गर्छन र पुरुषहरु लडाइँमा संलग्न हुन्छन् भन्ने अवधारणा रहेको छ । महिला र बालिकाहरुलाई प्रायः जसो युद्धको पीडितको रुपमा मात्र लिइन्छ । त्यसैले, द्वन्द्व पश्चात्को संक्रमणकालमा जब सरकारले कार्यक्रम तथा नीतिहरु तर्जुमा गर्दछ त्यो बेला महिलाहरुसँग कमै मात्रामा छलफल र परामर्श गरिन्छ । सरकार द्वन्द्वको दौरान महिलाहरुले निर्वाह गर्ने घरमूली, योद्धा, कार्यकर्ता, निर्माणकर्ता र मध्यस्तकर्ताजस्ता विभिन्न भूमिकाहरुको बारेमा प्रायः मौन रहन्छ ।

नेपालमा द्वन्द्वको समयमा महिलाहरुले अग्रपंक्तिमा रहेर काम गरेका थिए । सशस्त्र द्वन्द्वको समयमा उनीहरुले व्यक्तिगत र संयुक्त रुपमा द्वन्द्व प्रभावितहरुको आवश्यकता परिपूर्ति गर्नको लागि धेरै कामहरु गरेका थिए । सशस्त्र द्वन्द्वको समाप्तिपश्चात् यी महिलाहरुको काम अदृश्य हुन पुगेको छ । संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ ले शान्ति निर्माणमा महिला र पुरुष दुवैले पुऱ्याउन सक्ने योगदानको साथै यस कार्यमा संलग्न हुन समाजको सम्पूर्ण श्रोतहरुलाई केन्द्रित गर्न आवश्यक छ भन्ने कुरालाई स्पष्ट पारेको छ ।

## नेपालको युद्ध र जनआन्दोलनमा महिलाहरू कहाँ थिए?

- महिलाहरु युद्धभूमिको अग्रपंक्तिमा थिए । सशस्त्र माओवादी लडाकुहरु मध्ये अनुमानित ३० देखि ४० प्रतिशत लडाकुहरु महिला भएको तथ्यबाट पनि यो स्पष्ट हुन्छ । नेपाली सेनामा करिब ९०,००० सैनिकमध्ये १०५३ जना महिला छन् । सेनामा भएका धेरैजसो महिलाहरु स्वास्थ्य र कानूनी मामला अधिकृतहरु छन् ।

- धेरै महिलाहरुले सशस्त्र द्वन्द्वको समयमा र शान्तिपूर्ण जनआन्दोलनमा शहादत प्राप्त गरेका थिए । धेरै संख्याका महिलाहरुलाई यातना, बलात्कार तथा अन्य प्रकारका यौनजन्य हिंसाहरुबाट पीडित गराइएको थियो साथै धेरैजसोलाई शिक्षा, स्वास्थ्य, विवाह तथा प्रजनन अधिकारजस्तो मौलिक अधिकारबाट पनि वञ्चित गराइएको थियो ।
- संकटको अति संवेदनशील घडीमा पनि हरेक समुदायमा महिलाहरुले पीडितहरुलाई तत्काल स्वास्थ्य सेवा प्रदान गरिरहेको र पीडितहरुको लागि आवाज उठाइरहेको पाइएको थियो । द्वन्द्व प्रभावित महिलाहरु र बालिकाहरुलाई आवास प्रदान, यौन शोषणको जोखिममा भएका विस्थापित महिला तथा किशोरीहरुलाई सीपमूलक तालिम तथा रोजगारको व्यवस्थापन मार्फत सशक्तिकरण जस्ता कार्यहरु महिलाको विषयमा कार्यरत संघसंस्थाले गरेका प्रमुख कार्यहरु हुन् ।
- द्वन्द्वको कारण युवा तथा पुरुषहरु विस्थापित हुँदा, धेरै महिलाहरुले एक्लै घरमूली भएर घर चलाएका थिए र बाँच्नको लागि सशस्त्र व्यक्तिहरुसँग सामना गरेर आफ्नो जिन्दगी जोखिमका बीच धानेका थिए। समानता नामक संस्थाले सन २००५ मा गरेको एक राष्ट्रिय अध्ययन "द्वन्द्वको कारण नेपाली महिलाहरुको परिवर्तित भूमिका" का अनुसार ९० प्रतिशत उत्तरदाताले पुरुषको अनुपस्थितिमा महिलाले थप जिम्मेवारी बोक्नुपरेको उल्लेख गरेका छन् ।
- धेरै महिलाहरुले विभिन्न शरणार्थी शिवीरहरुमा मानवीय सेवा प्रदान गरेका थिए ।
- २०६२-२०६३ को शान्तिपूर्ण जनआन्दोलनमा महिलाहरुको सहभागिता र नेतृत्व उल्लेख्य रहेको थियो । महिलाहरुले द्वन्द्वको विरुद्धमा मात्र होइन निरंकुशताको विरुद्धमा समेत ऱ्याली जुलुसजस्ता विरोध कार्यक्रमहरु आयोजना गरेका थिए । केहीले शहादत प्राप्त गरेका थिए । थुप्रै घाइते भएका थिए । द्वन्द्वको समयमा पनि महिला समूहहरुले घरेलु हिंसा विधेयक, महिलाको नागरिकताको अधिकार, राज्यको हरेक तहमा ३३ प्रतिशत महिलाको सहभागिता तथा राष्ट्रिय महिला संयन्त्रहरुको सुदृढीकरणजस्ता कानूनी सुधारको लागि निरन्तर पहल गरिरहेका थिए ।

## शान्ति प्रक्रियामा महिलाहरु कहाँ रहे?

- ने.क.पा. माओवादी र सात राजनैतिक दलबीच सन् २००५ नोभेम्बरमा नयाँ दिल्लीमा १२ बुँदे समझदारी भएको थियो । तर, शान्तिको युगान्तकारी घटना मानिने सो कार्यक्रममा महिलाको सहभागिता थिएन ।
- ने.क.पा. माओवादी र सरकारले संयुक्तरुपमा सन् २००५ मे मा २५ बुँदे आचारसंहिता जारी गर्दा महिलाको सहभागिता थिएन । यद्यपि, आचारसंहिता कार्यान्वयन अनुगमनमा एक जना महिलालाई संलग्न गराइएको थियो ।
- सात राजनैतिक दल र ने.क.पा. माओवादीबीच सन् २००६ जुन महिनामा अर्को ८ बुँदे समझदारी हुँदा महिलाको सहभागिता थिएन ।
- नोबेम्बर २००६ मा सात राजनैतिक दल र ने.क.पा. माओवादीका वरिष्ठ नेताहरुबीच महत्वपूर्ण शान्ति सम्झौता भएको थियो । त्यसमा पनि महिलाको सहभागितालाई महत्व दिइएन ।
- २००६ डिसेम्बरमा नेपाल सरकार र ने.क.पा. माओवादीबीच औपचारिक रुपमा विस्तृत शान्ति सम्झौता भई सशस्त्र युद्ध अन्त्य भएको घोषणा गरियो । त्यस प्रक्रियामा समेत महिलाको प्रत्यक्ष सहभागिता रहेन । महिला तथा बालबालिकाको अधिकारले विषयको रुपमा स्थान पाएन । त्यसलाई केवल एउटा बुँदामा र अन्य ठाउँमा सन्दर्भवश मात्र उठाईयो त्यो पनि आंशिकरुपमा ।

## संसद र सरकारमा कहाँ छन् महिला?

- जनआन्दोलनको उपलब्धिस्वरुप पुनर्स्थापित संसद्बाट राज्यका हरेक तहमा ३३ प्रतिशत महिला सहभागिता गराउने घोषणा भयो। घोषणा सकारात्मक थियो तर कार्यान्वयनमा उदासीनता देखियो।
- २०५ सदस्यीय 'प्रतिनिधि सभा' ३२९ सदस्यीय 'विधायिका-संसद' मा रुपान्तरण भयो। त्यसमा पनि महिलाको उपस्थिति संसद्ले गरेको प्रतिबद्धता ३३ प्रतिशतको पनि झन्डै आधा मात्रै देखियो। (कुल ३२९ मा महिला केवल ५८ जना अर्थात् १७.६ प्रतिशत)
- वर्तमान अन्तरिम सरकारमा पनि महिलाको उपस्थिति करिब १० प्रतिशत मात्र छ।
- संक्रमणकालमा जारी अन्य आन्दोलन आदिको समाधान खोज्न सरकारले गठन गरेको मन्त्रीस्तरीय सरकारी वार्ता समितिमा सबै पुरुष छन्, महिलाको उपस्थिति शून्य छ। शान्ति तथा पुनर्निर्माण कार्य हेर्ने मन्त्रालयमा नेतृत्व पनि पुरुषको र बाहुल्य पनि पुरुषकै छ।
- संविधानसभा सदस्य निर्वाचन ऐन २००७ मा निर्वाचन आयोगको निर्देशिका र निर्वाचन आचारसंहितामा उल्लेख गरेअनुसार महिलाको सहभागिता चुनौतीपूर्ण देखिन्छ।

- सन् २००७ को जनवरीमा नेपालको अन्तरिम संविधान जारी भयो। ब्यापक विरोधपश्चात् त्यसको मस्यौदा निर्माणमा महिलाको उपस्थिति त रह्यो तर पछि अर्के प्रक्रियामा गयो, महिलाको निर्णायकत्व खासै रहेन। १६ सदस्यीय टोलीमा ४ जना महिलालाई समावेश गरियो।

## नयाँ संविधान किन? संविधानसभा किन आवश्यक छ?

- सशस्त्र द्वन्द्व वा अधिनायकवादी शासनबाट लोकतान्त्रिक प्रक्रियामा प्रवेश गर्न तथा नयाँ संविधानको निर्माण अर्थात देशको मूल कानून निर्माणमा महत्वपूर्णर्ण फड्को मार्नको लागि।
- संविधान र विधायिकी व्यवस्था कानुनी शासनको आधारस्तम्भ, संक्रमणकालीन अवस्थालाई स्थायी शान्ति र विधिमा रुपान्तरण गर्नको लागि।

- संविधानसभा जनता आफैले नयाँ संविधान निर्माण गर्ने सबैभन्दा उपयुक्त विधि हो। यसमा जनताको प्रत्यक्ष संलग्नता, प्रक्रियामा प्रत्यक्ष सहभागिता र निर्णायकत्व रहने भएकोले अधिकतम सहमतिको दस्तावेज मानिन्छ। संविधानसभा संविधान निर्माणको सबैभन्दा लोकतान्त्रिक पद्दति पनि हो।
- देशको मस्यौदा संविधान निर्माण गर्दा संविधानसभाको प्रक्रियाले जनताको प्रत्यक्ष सहभागितालाई सुनिश्चित गर्दछ। यसले महिला लगायत उपेक्षित, सीमान्तीकृत समुदायको लागि आफ्नो स्वामित्व स्थापित गर्ने सबै भन्दा उपयुक्त अवसर प्रदान गर्दछ।

## महिला सहभागिताको लागि संविधानसभामा भएका प्रावधानहरु:

- लैङ्गिक समानताको लागि संविधान मस्यौदाको हरेक प्रक्रियामा महिला सहभागितालाई आधारभुत शर्तको

रुपमा स्पष्ट उल्लेख गरिएको छ र संविधानसभा निर्वाचन ऐनले महिला सरोकारको विषयहरुलाई सम्बोधन गरेको छ ।

- निर्वाचनको लागि दुई प्रणालीहरु रहेका छन् । संविधानसभामा एकल निर्वाचन क्षेत्रअन्तर्गत 'पहिलो हुने निर्वाचित हुने' विधिबाट २४०, सिंगो देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिएर छानिने 'समानुपातिक प्रतिनिधित्वबाट' २४० र सरकार बाट मनोनित १७ जना गरी कुल ४९७ सदस्यको व्यवस्था छ ।
- 'समानुपातिक प्रतिनिधित्व' तर्फ उम्मेदवारको बन्द सूचीमा महिलाको उम्मेदवारी हरेक समुदायबाट ५० प्रतिशत रहने व्यवस्था छ । तसर्थ, दुवै निर्वाचन प्रणालीबाट संविधानसभा निर्वाचनमा विजयी हुने महिला उम्मेदवारको संख्या कम्तीमा ३३ प्रतिशत रहने परिकल्पना गरिएको छ ।

## संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ सँग सम्बन्धित सबै शान्ति निर्माण प्रक्रियामा महिलाको सहभागिता वृद्धि गर्नको लागि नेपाल सरकारले के गर्नु पर्दछ?

- सरकारको सबै तह र द्वन्द्व रोकथाम, समाधान र पुनर्निर्माणसँग सम्बन्धित सम्पूर्ण विशेष समितिहरुमा उल्लेख्य संख्यामा महिलाहरुलाई नियुक्त गर्ने ।
- महिला उम्मेदवारहरुलाई संयुक्त राष्ट्रसंघको ओहदा, दूतहरु र राजदूतमा नियुक्ति गर्न सिफारिस गर्ने ।
- सुरक्षा र शान्तिस्थापनामा संलग्न फौजहरुलाई महिला अधिकार, उनीहरुको संरक्षण र विशेष आवश्यकताको साथै शान्ति स्थापना र शान्ति निर्माणमा उनीहरुलाई संलग्न गराउँदा हुने महत्वको बारेमा प्रशिक्षण दिने ।
- शान्तिवार्ता र शान्ति सम्झौता कार्यान्वयन गर्दा लैङ्गिक अवधारणालाई समाहित गर्ने ।
- संविधान, निर्वाचन प्रणाली, प्रहरी र न्यायिकसँग सम्बन्धित हरेक प्रकृयामा महिला र बालबालिका-हरुको अधिकार संरक्षण र सम्मानको सुनिश्चितता गर्ने ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगमा महिलाहरुको सहभागिता र विशेष सुनुवाई कार्यक्रम आयोजना गर्ने ।
- द्वन्द्वरत सबै पक्षलाई महिला र बालबालिकालाई नागरिकको रुपमा लागू हुने अधिकार र संरक्षण सम्बन्धी सबै प्रकारको अन्तर्राष्ट्रिय कानूनहरुको सम्मान गर्न लगाउने ।
- संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ र यसको कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना तयार गर्ने ।
- महिला र बालबालिकासँग सम्बन्धित सम्पूर्ण अपराध विशेषगरी यौनजन्य हिंसा र आस्थाको प्रावधानमा भएको दण्डहीनताको अन्त्य गर्ने ।


**श्रोत:**

निर्वाचन आयोग ऐन २०६३ (२००७), निर्वाचन आयोग नेपाल

नेपालको अन्तरिम संविधान, (२००७)

ईनक्लुसिभ सेक्यूरिटी सस्टेनेवल पिस ए टुलकिट फर एड्भोकेसी एण्ड एक्शन: ईन्टरन्याशनल अलर्ट एण्ड ओमन वेजिङ्ग पिस, २००४

सेक्यूरिटी काउन्सिल १३२५ एनोटेटेड एण्ड एक्सप्लेन्ड, यूनिफेम

# संक्रमणकालीन न्याय तथा मेलमिलाप

**संरक्षणमुखी दृष्टिकोण**

**संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव १३२५ को अर्को प्रमुख प्राथमिकता क्षेत्र द्वन्द्वको समयमा तथा द्वन्द्वोपरान्त महिलाहरूको सुरक्षाको प्रश्न हो । महिला सुरक्षाको सम्बन्धमा यो मिडिया सामाग्री संक्रमणकालीन न्यायमा केन्द्रित छ ।**

## संक्रमणकालीन न्याय भनेको के हो?

संक्रमणकालीन न्यायले विगतको निरंकुश शासन सत्ताका ज्यादतिहरूको न्यायिक तवरले सम्बोधन गर्ने न्यायको अवधारणालाई जनाउँछ। संक्रमणकालीन न्यायमा कार्वाही वा अभियोजन, क्षमादान, सत्य-निरूपण आयोग, सुरक्षा क्षेत्रको सुधार, औपचारिक क्षतिपूर्ति कार्यक्रम तथा राज्यप्रदत्त संस्मरण एवं श्रद्धाञ्जली जस्ता प्रावधानहरु पर्दछन्। संक्रमणकालीन न्यायले द्वन्द्व वा निरंकुश सत्ता परिवर्तन हुने क्रममा भएका मानव अधिकारका दुरुपयोग तथा हनन्को घटनाहरूलाई सम्बोधन गर्ने प्रकृतिका अल्पकालीन तथा प्रायः अस्थायी न्यायिक तथा गैर-न्यायिक संयन्त्र तथा प्रक्रियालाई जनाउँछ ।

## संक्रमणकालीन न्यायका लक्ष्यहरू के-के हुन?

- मानव अधिकार हनन्बाट उत्पन्न हुने सामाजिक विभाजनलाई सम्बोधन गर्ने तथा ज्यादतिको पीडा निको पार्न प्रयत्न गर्ने ।
- विशेषतः "सत्यको उजागर" मार्फत् व्यक्ति तथा समाजको सम्बन्ध निकटतम बनाउने र उनीहरूको पीडालाई सम्बोधन गर्ने ।
- पीडितलाई न्याय दिलाउने तथा अपराधीलाई उत्तरदायी बनाउने र ऐतिहासिक अभिलेख दुरुस्त राख्ने ।
- राज्य तथा नागरिकबीचको विश्वासको संकट अन्त्य गर्ने र कानुनी शासन एवं मानव अधिकार प्रबर्द्धनका लागि सम्बन्धित निकायहरूमा सुधार ल्याउने ।

## लैङ्गिक अपराधका सम्बन्धमा अन्तर्राष्ट्रिय अवधारणा कस्तो छ?

अन्तर्राष्ट्रिय अदालतहरूमा लिङ्गमा आधारित अपराधहरूको प्रायः न्यून प्रतिनिधित्व हुने गरेको पाइन्छ । महिला विरुद्धको हिंसाका अधिकांश घटनाहरूको कहिल्यै अनुसन्धान गरिदैनन् फलतः अपराधीहरू पक्राउमा नपर्ने तथा कार्वाही वा सजाय भोग्नु नपर्ने हुनाले सुरक्षित एवं निस्फिक्री तवरले अपराधका घटना हुने गर्दछ। प्रायः यस्ता घटनालाई अपराधको रूपमा नलिई सामान्य वा स्वीकारयोग्य कार्यको रूपमा लिइने परम्परा रहेको छ। यस्तो परिवेशलाई दण्डहिनताको संस्कृतिले अझ टेवा पुऱ्याउँछ। न्याय प्राप्त गर्न दुर्लभ हुने हुनाले अक्सर महिलाहरू न्यायको खोजिमा अग्रसर हुँदैनन्। युद्धरत दुवै पक्षले अन्तर्राष्ट्रिय मानवीय कानुनको व्यापक रुपमा हनन् गरेका कारण विगतको दशकमा नेपाली महिलाहरूले समेत यस्तै अवस्थाको सामना गर्नुपरेको तथ्य जगजाहेर छ ।

सन् १९४९ मा पारित अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी चारवटा जेनेभा महासन्धिहरू तथा सन् १९७७ मा पारित सोही महासन्धिका दुईवटा ऐच्छिक प्रलेखहरुमा द्वन्द्वरत अवस्थामा महिलाहरूको सुरक्षाको विशेष आवश्यकता निम्न तवरले पहिचान गरिएको छः

- चौथो जेनेभा महासन्धिमा यौनजन्य हिंसालाई "गम्भीर उल्लंघन" को रुपमा परिभाषित गरिएको छ।
- बलात्कार लगायतका यौनजन्य हिंसालाई (बलात्कार मा यातनासमेत समावेश हुन्छ) युद्धका नियमको रुपमा प्रचलित अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर हनन्को रुपमा लिइएको छ।

## सत्य-निरूपण आयोगमा महिलाका सरोकार कसरी समावेश गरिएका छन्?

सामान्यतः महिलाहरूले आफ्ना पीडासँग सम्बन्धित कथनहरू निजी अनुभवभन्दा पनि आफ्ना पति, छोराछोरी र अन्य प्रियजनमा केन्द्रित गर्ने गरेको पाइन्छ। परिणामस्वरुप उनीहरूका आफ्ना कथाहरू चाहिं ओझेलमा पर्दछन्। दक्षिण अफ्रिकामा सत्य-निरुपण तथा मेलमिलाप सम्बन्धी धेरै घटनाहरूमा महिलाहरू द्वन्द्वको दुवै पक्षका सदस्यहरूमा समझदारी र करुणा सिर्जना गर्नका लागि आफ्ना प्रियजनका पीडा व्यक्त गर्न स्वतस्फूर्त रुपमा सत्य-निरुपण तथा मेलमिलाप आयोगसमक्ष उपस्थित भएका थिए। महिलाहरूका विचार अभिव्यक्त गर्न सहज होस् भन्ने उद्देश्यले उनीहरूका लागि एक विशेष सुनुवाइ प्रक्रिया तय गरिएको थियो। सन् १९९३ मा साल्भाडोरको सत्य-निरुपण तथा मेलमिलाप आयोगले आफूले प्राप्त "राजनैतिक रुपले अभिप्रेरित कार्य" को अधिकारक्षेत्र भन्दा बाहिर रहेको ठहर गरी बलात्कारका घटनालाई आफ्नो अन्तिम प्रतिवेदनमा समावेश गरेन त्यसलाई बिडम्वनानै मान्न सकिन्छ। ग्वाटेमालामा भने यौनजन्य हिंसालाई सत्य-निरुपण तथा मेलमिलाप आयोगको प्रतिवेदनमा यातनासम्बन्धी परिच्छेदको अंशको रुपमा समावेश गरिएको थियो।

नेपालमा पीडित महिलाहरूले प्रायः कठिन चुनौतिको सामना गर्नुपर्दछ किनकि महिलाको निम्ति यौनजन्य

## नेपालमा महिलाहरूको संरक्षण कसरी गरिएको छ?

विभिन्न देशमा द्वन्द्वपश्चातको न्याय प्रणाली प्रायः धरासायी भएको दृष्टान्तलाई मध्येनजर गर्दा न्यायसम्बन्धी संयन्त्रहरूले राष्ट्रिय स्तरमा महिलाहरूलाई संरक्षण प्रदान गर्न असफल हुनसक्ने प्रवल सम्भावना छ। नेपालको परिप्रेक्ष्यमा बलात्कार र यौनजन्य हिंसाका दोषीहरूमध्ये अत्यन्तै न्यून संख्यामा मात्र कारवाही भएको कुरा तथ्याङ्कहरूबाट प्रष्ट भएको छ। सबुत प्रमाण संकलन गर्न प्रायः असम्भव छ तथा कतिपय घटनाका दोषीहरूलाई क्षमा प्रदान समेत गरिएको छ। द्वन्द्व नभएको अवस्थामा समेत पारिवारिक तथा धार्मिक मान्यता र कानुनबाट मुलुकको न्याय प्रणाली प्रभावित भएका कारण महिलाहरू प्रायः विभेदबाट ग्रस्त पारिएका छन्। महिलाहरूले प्रायः सार्वजनिक अवहेलनाको सामना गर्नु परेको छ तथा उनीहरूका साक्षी र बकपत्रलाई समेत उचित मान्यता प्रदान गरिँदैन। नेपालको न्याय तथा प्रशासनिक प्रणालीमा महिला साक्षीलाई पर्याप्त सुरक्षा प्रदान नगरिएको यथेष्ठ प्रमाण छन्। मुलकमा अझसम्म पनि घरेलु हिंसासम्बन्धी कानुनको अभाव रहेको छ तथापि, विधेयकको मस्यौदा तयार गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा नागरिक समाजका सदस्यहरू सम्मिलित एक प्राविधिक समिति भने गठन गरिएको छ।

महिलाहरू अग्रसर हुन इच्छुक भएको खण्डमा समेत उनीहरू प्रायः आफ्नो पीडा र वेदना पूर्ण रुपमा अभिव्यक्त गर्ने अवसरबाट बञ्चित हुने हुनाले आफ्ना भयावह अनुभवहरू पचाएर जिउनुपर्ने बाध्यात्मक अवस्था छ। अर्कोतर्फ, विगतका युद्ध विरामसम्बन्धी सम्वादमा कहिल्यै पनि महिलाहरूसँग परामर्श गरिएन र उनीहरूलाई वार्ताको टेवलमा समेत संलग्न गराइएन। विद्यमान शान्ति प्रक्रियामा वा हतियार व्यवस्थापन तथा संक्रमणकालीन न्यायको संयन्त्रजस्ता अन्य संक्रमणकालीन पहलहरूमा समेत महिलालाई मुख्य सरोकारवालाको रुपमा स्थापित गरिएको छैन।

हिंसालाई उजागर गर्नु अत्यन्त जोखिमपूर्ण कार्य हो । यसको परिणामस्वरुप उनीहरूले परिवारबाट अलग्गिनु पर्ने, आफ्ना बालबालिकाप्रति दुर्व्यवहार हुने तथा सामाजिक बहिष्कारजस्ता परिणामको सामना गर्नुपर्ने हुनसक्दछ । यसरी अपराधका घटनाको उजुरी नगरिनाले महिलाहरू क्षतिपूर्ति पाउने अधिकारबाट बञ्चित हुनेछन् । संयुक्त राष्ट्र संघको सुरक्षा परिषद प्रस्ताव १३२५ मा व्यवस्था भए बमोजिम विस्तृत शान्ति सम्झौतामा प्रस्तावित सत्य-निरुपण तथा मेलमिलाप आयोग निर्माणको प्रक्रियामा महिलाहरूको अनिवार्य सहभागिताको अभाव रहेको छ । हालसालै गठन गरिएको सत्य-निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी तीन सदस्यीय समिति ऐन निर्माण गर्ने प्रक्रियामा छ । तीन सदस्यीय उक्त समितिमा एकजना महिलालाई समावेश गरिएको छ । प्रस्तावित आयोगलाई मानव अधिकारको गम्भीर हनन् तथा मानवताविरुद्धको अपराधको सेरोफेरोमा घटेका घटनाहरूको अनुसन्धान गर्ने कार्यदिश हुने भएता पनि समितिद्वारा तयार गरिएको मस्यौदा विधेयकले यी अपराधहरूको परिभाषा गरेको छैन ।

प्रस्तावित विधेयकले न त महिलाका अनुभवको कुनै सन्दर्भ उठाएको छ न त लैङ्गिक आधारमा हुने हिंसालाई नै पहिचान गरेको छ । यस्तो कानुनको कार्यदिश तथा क्षेत्राधिकारका बारेमा महिला संगठनहरू तथा नागरिक समाजका संस्थाहरूसँग परामर्श गरिएको छैन । तसर्थ, सत्य-निरुपण तथा मेलमिलाप आयोगको प्रारुप तयार गर्दा महिलाहरूलाई नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर प्रदान गरिने सम्भावना न्यून छ । तथापि, नागरिक समाजका तर्फबाट गठित जवाफदेही निगरानी समिति एवं राष्ट्रिय मानव अधिकार आयोगबाट यस दिशामा केही पहल भएका छन् । विधेयकलाई पुनरावलोकन गर्ने र सरकारलाई सिफारिस गर्ने कार्यदलहरू निर्माण गरी श्रृखलाबद्ध परामर्श चलिरहेको छ ।

## क्षतिपूर्तिका सम्बन्धमा महिलाहरूप्रति कस्तो व्यवहार गरिन्छ?

क्षतिपूर्ति तथा मेलमिलापलाई सामान्यतः भौतिक पूर्वाधारको निर्माण तथा पूनर्निर्माण र "रगतको मूल्यको सट्टा पैसाको क्षतिपूर्ति" का रुपमा गलत तरिकाले बुझ्ने गरिएको पाइन्छ । नीति तथा प्रक्रियाहरू प्रायः लैङ्गिक रुपमा निरपेक्ष रहने भएकोले महिला तथा पुरुषका आवश्यकता तथा सरोकारबीचको भिन्नतालाई पहिचान नगरिने प्रचलन छ । यस्तो प्रचलनले पीडित महिलालाई पर्याप्त क्षतिपूर्ति प्रदान गर्न सहयोग पुऱ्याउँदैन । सुरुमा क्षतिपूर्तिसम्बन्धी नीति निर्माण गर्दा महिलाका सरोकारलाई वास्ता नगरिकनै तय गरिएका कारण दक्षिण अफ्रिकामा समेत यस्तै भएको थियो (यद्यपि, पछि विशष सुनुवाइ गरेर सुधार गरिएको थियो ।) पूर्वी टिमोरमा संयुक्त राष्ट्र संघीय मिसनको लैङ्गिक मामिला इकाइले सन् २000 मा द्वन्द्वको समयमा हिंसाको चपेटामा परेका महिलाहरूका लागि क्षतिपूर्तिसम्बन्धी नीतिहरू सिफारिस गर्नका लागि ५00 महिलाहरूको भेला आयोजना गरेको थियो ।

नेपालमा द्वन्द्वपश्चात् पूनर्निर्माण तथा मेलमिलाप प्रक्रियाको रुपमा "पूनर्निर्माण समिति" गठनका प्रस्ताव र "शान्ति कोष" स्थापना गरिएको छ । क्षतिपूर्ति तथा मेलमिलाप सम्बन्धी विषयमा काम गर्न नवगठित शान्ति तथा पूनर्निर्माण मन्त्रालयको जिम्मेवारी रहेको छ । सत्य-निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी नयाँ मस्यौदा विधेयकमा बलात्कार तथा यौनजन्य हिंसा लगायतका गम्भीर मानव अधिकार हनन् तथा मानवता विरुद्धका अपराधहरूमा समेत क्षमा दिन सकिने प्रावधान छ । दुर्भाग्यवश, यस्तो प्रावधान सत्य-निरुपण तथा मेलमिलापसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय प्रचलन, मानव अधिकारका मापदण्ड तथा मानवीय सिद्धान्तअनुरुप पटक्कै छैन । यसका अतिरिक्त यी पहलहरूमा लैङ्गिक रुपमा संवेदनशील क्षतिपूर्ति सम्बन्धी नीतिहरू अझैसम्म पनि प्रतिविम्बित भएका छैनन् । क्षतिपूर्ति तथा मेलमिलापका पहलहरूमा महिलाहरूको विशेष भूमिका तथा आवश्यकता सम्बन्धी छलफल विरलै भएका छन् । यद्यपि आर्थिक वर्ष २०६४-२०६५ को नयाँ बजेटमा मुलुकका १0 जिल्लामा द्वन्द्वबाट अति प्रभावित महिलालाई सहयोग प्रदान गर्ने कुरामा जोड दिइएको छ । क्षतिपूर्तिको उपायको रुपमा शहिद परिवार, घाइते, अपाङ्ग तथा महिला र द्वन्द्वबाट प्रभावित व्यक्तिहरूका लागि व्यावसायिक तालिमको परिकल्पना गरिएको छ । त्यसैगरी, एकल महिला, अपाङ्ग र आन्तरिक रुपमा विस्थापित महिलाहरूका लागि पुनर्स्थापन, सामाजिक पुनर्एकिकरण, सुरक्षा तथा उपचारका कार्यक्रमको योजना तय गरिएको छ । यी पछिल्ला केही उपलब्धिहरु हुन ।

## क्षमादानबाट महिलाहरूमा कस्तो प्रभाव पर्दछ?

युद्धकालको ज्यादतिहरूबाट महिलाहरू सबैभन्दा बढी प्रभावित हुने भएकोले पीडकहरुलाई क्षमादान दिने निर्णयले महिलाहरूलाई विशेष असर पार्दछ। महिलाविरुद्धको हिंसालाई 'क्षमा' दिने निर्णयले न्याय तथा पीडितका लागि पूनर्लाभको अवसरमा अवरोध खडा गर्दछ। क्षमा दिने कार्यले जनताको नजरमा यौनजन्य हिंसाका सवाललाई व्यक्तिगत कार्य वा निजी माम्लाको रुपमा स्थापित गरी आम जनमानसको सरोकारबाट ओझेलमा पार्दछ। दक्षिण अफ्रिकामा राजनैतिक अभिप्रायले उत्प्रेरित भनी प्रमाणित यौनजन्य प्रकृतिका अपराधहरू क्षमा योग्य मानिएका थिए। महिला अधिकारको हनन्का घटनामा राजनैतिक तथा व्यक्तिगत मनसायको बीचमा फरक छुट्याउने अत्यन्त मधुरो भिन्न रेखा हुने हुनाले प्रमाणित गर्न कठिनाइ उत्पन्न हुन गई महिलाहरूलाई न्याय खोज्नका लागि ज्यादै चुनौतीपूर्ण हुन जान्छ। नेपालमा महिलाका अधिकार हनन्का घटनामा जवाफदेहिताको सवाललाई पृथक बनाइएको कारण दण्डहिनताले प्रश्रय पाएको छ। व्यापक दण्डहिनताका कारण महिलाविरुद्धका हिंसाको अभिलेखिकरण नगरिने तथा द्वन्द्वका बखत लैङ्गिक हिंसाका अपराधीहरूलाई न्यायको कठघरामा उभ्याइएका उदाहरण विरलै पाइन्छन्। अन्तरिम संविधानमा मन्त्रिपरिषद्लाई क्षमादान दिनसक्ने विशेषाधिकारको व्यवस्थाले समेत दण्डहिनताको सँस्कृतिलाई प्रश्रय दिने प्रवल सम्भावना छ। परिणामस्वरुप द्वन्द्वपश्चात् न्यायको खोजी तथा मेलमिलापका लागि गरिने महिलाहरूको प्रयासलाई जोखिममा पार्दछ।

## महिलाहरूले संक्रमणकालीन न्यायमा कसरी योगदान पुऱ्याउन सक्छन्?

क) **नेतृत्वमा महिला:** अन्तर्राष्ट्रिय स्तरमा ३०० भन्दा बढी संस्थाहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालत तथा यसको विधान तयार गर्ने क्रममा "लैङ्गिक न्यायका लागि महिलाहरूको सञ्जाल" निर्माणमा सहयोग गरेका थिए। संजाल द्वारा संक्रमणकालीन न्याय तथा महिलाका सवालमा अन्तर्राष्ट्रिय कानुनमा निम्न परिमार्जनहरू गरिएका छन्:

- पीडित वा साक्षीसम्बन्धी भिन्नै ईकाइ स्थापनामार्फत् साक्षीको सुरक्षा, सहयोग तथा परामर्शको प्रत्याभूति गरेको ।
- पुरुष तथा महिला न्यायाधीशहरुको उचित प्रतिनिधित्व सुनिश्चितताका साथ महिलाविरुद्धको हिंसा लगायतका विशिष्ट सवालहरूमा न्यायाधीशहरूको विशेषज्ञता सम्बन्धी कार्यादेश रहेको।
- विधानको पक्ष राष्ट्रहरूले "आवश्यक परे राज्यका प्रावधानहरूमा एकरुपता सुनिश्चित गर्न आफ्ना राष्ट्रिय कानुन संशोधन तथा नयाँ कानुन निर्माण गराउने" थप अग्रगामी व्यवस्था गरेको।

पूर्वी टिमोरको सत्य-निरुपण तथा मेलमिलाप आयोगमा महिला समूहहरू संक्रमणकालीन न्यायका विविध विकल्पहरूसम्बन्धि सार्वजनिक सम्वादमा संलग्न भएका छन्। रुवान्डाको संक्रमणकालीन न्यायका संयन्त्रहरूको प्रारुप तयार गर्ने क्रममा महिला सांसदहरूले सामान्य प्रकृतिको अपराधको रुपमा परिभाषित बलात्कार लाई "चौथो कोटी" बाट सबभन्दा गम्भीर "पहिलो कोटी" मा स्थानान्तरण गराएर महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। यसै सन्दर्भमा महिला नेतृत्व विकास गर्ने पहल स्वरुप नेपालको अन्तरिम संविधानमा समानुपातिक प्रतिनिधित्वको माध्यमद्वारा संविधानसभा निर्वाचनमा महिलाहरूको सहभागिता सुनिश्चित गर्ने प्रावधान सुनिश्चित गरिएको छ। संक्रमणकालीन प्रयासका रुपमा थुप्रै महिला समूहहरू महिलाहरूको स्थान तथा नेतृत्वदायी भूमिकाको प्रत्याभूतिको निम्ति प्रयत्नरत छन्।

ख) **न्यायाधीशको रुपमा महिला:** सन् २००३ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा नियुक्त आठ जना न्यायाधीशमध्ये सातजना महिला थिए। यसलाई कुनै पनि अन्तर्राष्ट्रिय अदालतमा सेवारत महिलाहरूको संख्याका हिसावले सफलताको उदाहरण मान्न सकिन्छ। दक्षिण अफ्रिकाको सत्य-निरुपण तथा मेलमिलाप आयोगमा पन्ध जना आयुक्तमध्ये पाँचजना महिला थिए। पूर्वी टिमोरका लागि संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय अनुसन्धान

आयोग तथा पश्चिमी तथा दक्षिणी प्रान्तहरूका लागि श्रीलंकाली आयोगको नेतृत्वमा महिलाहरूको वर्चश्व रहेको छ । नेपालमा सत्य निरुपण तथा मेलमिलाप आयोगको आयुक्तको रुपमा तथा शान्तिका लागि अन्य पहलहरूमा महिला सहभागिता नितान्त आवश्यक छ ।

ग) **साक्षीको रुपमा महिला:** प्रत्यक्ष तथा परोक्ष अपराधको पीडितका रुपमा महिलाहरू आफू तथा आफ्ना परिवार विरुद्ध गरिएका अपराधका बारेमा सत्य-निरुपण तथा मेलमिलाप आयोगलाई सूचना प्रदान गर्ने महत्वपूर्ण साक्षी हुन सक्दछन् । दक्षिण अफ्रिकाको सत्य-निरुपण तथा मेलमिलाप आयोगका साक्षीमध्ये ५२.९ प्रतिशत महिलाहरू थिए । आमाहरू आफ्ना बालबालिकाको तर्फबाट बोल्न तथा रोएर अभिव्यक्त गर्न सक्दछन् तर पुरुषहरू सार्वजनिक रुपमा आफ्नो संवेग अभिव्यक्त गर्न सहज ठान्दैनन् भन्ने यथार्थता स्वीकार गरिएको थियो । बलात्कारमा परेका थुप्रै बोस्नीयाली महिलाहरूले आफ्नो विवाह नहुने, समाजमा लज्जित हुनुपर्ने वा पीडकले बदला लिनसक्ने डरले आफूलाई साक्षीको रुपमा प्रस्तुत गरेनन् । सुनुवाई पूर्व, सुनुवाईको अवधि र सुनुवाईपश्चात् आफ्नो सुरक्षाको माग गरेर जोखिमको बाबजुद पनि कतिपय महिलाहरूले भने आफ्नो अभिव्यक्ति प्रकट गरेरै छाडे । नेपालमा साक्षीको सुरक्षाका लागि पर्याप्त कानुन नभएकोले ज्यादतिका घटनाका प्रत्यक्षदर्शीका रुपमा महिलाहरू आफूलाई प्रस्तुत गर्न डराउनुपर्ने अवस्था छ । तसर्थ, सत्य-निरुपण तथा मेलमिलापसम्बन्धी कानुनमा पीडित तथा साक्षी दुवैको रुपमा महिलाका हकमा सुरक्षा सुनिश्चित गर्ने प्रावधान समावेश गरिनु नितान्त आवश्यक छ ।

घ) **हनन्कर्ताको रुपमा महिला:** द्वन्द्वका बखत महिलाहरू पुरुषको दाँजोमा कम संख्यामा भए पनि कसुरदारको रुपमा समेत देखा परेका छन् । रूवाण्डामा करिव ३000 महिला (देशभरका १00,000 भन्दा अधिक आरोपितमध्ये) जाति हत्याको अपराधीको रुपमा अदालती कार्वाही पर्खिरहेका वा अदालती कार्वाहीमा परिसकेका छन् । श्रीलङ्कामा विद्रोही लिट्टे लडाकुहरूमा महिलाको संख्या उल्लेखनीय छ । सामान्य अनुमानका आधारमा नेपालमा एक तिहाइभन्दा बढी जनमुक्ति सेनाका लडाकुहरू महिला रहेका छन् । तीमध्ये कतिपय युद्धका नियम हनन् हुने क्रियाकलापमा समेत संलग्न भएको तथ्यहरू उजागर भएका छन् ।

ङ) **सिद्धान्तनिष्ठ व्यक्तिका रुपमा महिला:** विश्वव्यापीरुपमा महिलाहरूले संक्रमणकालीन न्यायको प्रकृया आरम्भ गर्न तथा त्यसलाई मद्दत गर्न सहयोगीसिद्ध हुनुका साथै यस्तो प्रकृया निर्माणका लागि संगठित भएर वकालत गरेका छन् । महिलाहरू "लड्नु पर्दा हतियार : सुरक्षा गर्नु पर्दा पाखुरा" दुवै ढङ्गले सुसज्जित हुन सक्छन् । युद्धग्रस्त समुदायमा महिलाहरू शान्ति तथा मेलमिलापका लागि सर्वश्रेष्ठ शक्ति मानिन्छन् ।

कम्बोडियामा महिलाहरूका ६२ वटा संस्थाहरूको एउटा सञ्जालले घरेलु हिंसासम्बन्धी कानुनको मस्यौदा तयार गर्न महिला मन्त्रालयसँग काम गरेको छ, तर यो मस्यौदा राष्ट्रिय सभामा अनिर्णित अवस्थामा छ । अहिले मूलत: नेपाली महिलाहरूको पहल संक्रमणकालीन अवस्था तथा तत्पश्चात् नागरिक तथा राजनैतिक मामिलाका साथै राज्यका अन्य संयन्त्रहरूमा महिलाहरूको समानुपातिक समावेशीतर्फ उन्मुख छ । यद्यपि महिला अधिकारकर्मीका समूहहरू तथा सञ्चार माध्यमले द्वन्द्वको समयमा र द्वन्द्वपश्चात् महिलाहरूको अवस्थाबारे यथेष्ठ रुपमा उजागर गरेका छन् । जवाफदेहिता, दण्डहीनता तथा न्यायसम्बन्धी सवाललाई अघि बढाउन महिलाहरूको प्रत्यक्ष संलग्नतामा नागरिक समाजको पहलमा "जवाफदेही निगरानी समिति" गठन भएको छ । केही नविनतम पहलका रुपमा संविधानसभा निर्वाचनमा सहभागिता तथा निर्वाचनको पर्यवेक्षणका लागि महिलाहरूको समावेशी गठबन्धन जस्ता संक्रमणकालिन अवस्थामा महिलाहरूको स्थान सुरक्षित गर्न संगठित पैरवीसमेत भएका छन् । तथापि द्वन्द्व, संक्रमणकाल तथा तत्पश्चात लैङ्गिक न्याय सुनिश्चित गर्नका लागि एकल महिला, हिंसा तथा बेचबिखनबाट पीडित, आन्तरिक रुपमा विस्थापित, शरणार्थी तथा सबै विस्थापितको पुनरागमनका चुनौतिलाई सम्बोधन गर्नु अपरिहार्य छ ।

## नेपालको सन्दर्भमा मेलमिलापमा महिलाहरू कसरी सहकर्मी हुन सक्छन्?

- प्रस्तावित सत्य-निरुपण तथा मेलमिलाप आयोगको प्रारुप तयार गर्न तथा यसको कार्वाहीमा अर्थपूर्ण तथा समानुपातिक संलग्नताको माग गरेर ।
- न्यायाधीश, अभियोजनकर्ता, कानुन व्यवसायी तथा आयुक्तहरूलाई संक्रमणकालीन न्यायको संयन्त्रसम्बन्धी महिलाका सरोकार समावेश गर्न मञ्जुर गराएर ।
- संक्रमणकालीन न्यायको महत्व तथा यसको प्रकृयामा महिलाहरूको अपरिहार्य भूमिकाबारे सर्वसाधारणलाई सूचना प्रवाह गर्नका लागि सञ्चार माध्यमसँग सहकर्म गरेर ।
- प्रत्यक्ष व्यक्तिगत अनुभवका साथै इष्टमित्र तथा परिवारका सदस्यहरूको अनुभवसम्बन्धी प्रमाण उपलब्ध गराएर ।
- महिलाहरूलाई आफ्ना अनुभवसम्बन्धी आवाज बुलन्द गर्न सक्षम बनाएर र उनीहरूलाई मानसिक आघात र आफ्ना समुदायमा व्याप्त सामाजिक लाञ्छना गरिने विषयमा सम्मान गरेर ।
- पीडितका लागि सामाजिक न्याय सुनिश्चित गर्न क्षतिपूर्तिको लैङ्गिक-विशेष नमुना तयार गरेर तथा उनीहरू एवं उनीहरूका परिवारको शीप, शिक्षा, स्याहार आदिमा पहुँचको प्रत्याभूति गरेर ।
- पुनर्एकिकरणको प्रक्रियामा महिलाका विशेष आवश्यकतालाई ध्यान दिई उचित पुनर्एकिकरण तथा पुनर्संगठन कार्यक्रम तय गरेर ।
- राष्ट्रियस्तरको सुनुवाई अवधिभर महिलाहरूको सुरक्षाका लागि अन्तर्राष्ट्रिय महासन्धि तथा घरेलु कानुनहरूको कार्यान्वयनका लागि रणनीतिमूलक वकालत गरेर ।
- महिलाहरूलाई सबै तहमा शान्ति, न्याय तथा मेलमिलापको सही र दिगो माध्यमको रुपमा पहिचान गर्दै आवश्यक सहयोग प्रदान गरेर ।


**श्रोतः**

ब्लूमफिल्ड, डेभिड, टेरिसा बार्न्स एण्ड लुक ह्युस, रिकन्सिलिएसन आफ्टर भायलेन्ट कन्फ्लिक्टः ए ह्याण्ड बुक । स्कटहोल्म, स्विडेनः ईन्टरन्याशनल ईस्टिच्यु फर डेमोक्रासी एण्ड ईलेक्ट्रोल असिस्टेन्स

क्रोकर, डेभिड ए । "ट्रुत कमिशनस, ट्रान्जिसलन जस्टिस, एण्ड सिभिल सोसाईटी ।" ट्रुत भी. जस्टिसः द मोरल ईफिक्यासी अफ ट्रुथ कमिशन्सः साउथ अफ्रिका एण्ड बियोण्ड । ईडिएस रोवर्ट आई. रोथवर्ग एण्ड डेनिस थमसन । प्रिन्सटन, एन.जेः प्रिन्सटन युनिर्भसिटी प्रेश, २००५

जर्ज.युलरिच लुईस क्राव बोसरप, ईडिएस ह्युमन राईट्स फर डेभलपमेन्टः रिप्याट्रिएशनसः रिड्रेसिङ्ग पास्ट रङस, क्लुवर ल ईन्टरन्याशनल, नर्डिक ह्युमन राईट्स पब्लिकेसनस, ओस्लो, २००३

ईन्टरन्याशनल कमिटिअफ द रेड क्रस । "ओमन एण्ड वारः ईन्टरन्याशनल ह्युमनेटेरियन ल ।" फ्याक्ट सिट । जेनेभाः आई.सि.आर.सि २००१

ओलिभिया बेनेट, जो बेस्ली, किट्टि वारनक, आर्मस टु फाईटः आर्मस टु प्रोटेक्ट, ओमन स्पिक आउट अवाउट ट्रुथ, पानोस, लण्डन १९९५

पिटर्स, मालिन "ट्रेडिसनल जस्टिस अन ट्रायलः रुल अफ ल ।" डरवन, साउथ अफ्रिकाः सेन्टर फर सोसियो लिगल स्टडिज, एन.डी

"ट्रुथ कमिशनस एण्ड एन.जि.ओः द ईसेन्सियल रिलेसनसिप ।" ओकेजनल पेपर । न्यूयोर्कः द ईन्टरन्याशलन सेन्टर फर ट्रान्जिसलन जस्टिस, २००४

युनाईटेड नेशन्स, ओमन, पिस एण्ड सेक्यूरिटीः स्टडि सवमिटेड वाई द सेक्रेटरी जनरल परसूएन्ट टू सेक्यूरिटीः काउन्सिल रेजूलुसन १३२५ (२000) न्यूयोर्कः यु.एन

युनाईटेड नेशन्स डेभलपमेन्ट फण्ड फर ओमन । "ओमन, वार, पिस एण्ड जस्टिस ।" न्यूयोर्कः युनिफेम, २००४

भ्यान नेस, डान एण्ड क्याथरिन क्रोकर । "रेस्टोरेटिभ जस्टिसः डेफिनेशन, प्रिन्सिपलस, भ्यालुज एण्ड गोल्स" वासिङटन डि.सीः पि.एफ.आई सेन्टर फर जस्टिस एण्ड रिकोन्सिलिएसन, २००३

# संचारको भूमिका

## संचारले कस्तो भूमिका खेल्न सक्दछ?

- प्रस्ताव १३२५ र अन्य अन्तर्राष्ट्रिय सन्धि, सिद्धान्त, प्रतिबद्धता तथा राष्ट्रिय घोषणाहरुलाई संचार माध्यममार्फत प्रकाशमा ल्याई जनचेनता अभिवृद्धि गर्ने ।
- आम जनतालाई संविधानसभाको महत्व, नयाँ संविधान र जीवनमा यसको प्रयोगको बारेमा बुझाउने ।
- नयाँ नेपाल निर्माणको लागि संविधानसभा महत्वपूर्ण अवसर हो । महिलाको समानुपातिक प्रतिनिधित्व र भिन्न सहभागिता खातिर संचार वकालतको लागि यो एउटा मुख्य मुद्दा हुन सक्दछ ।
- परम्परागतरुपमा सीमान्तीकृत क्षेत्रका जनताको आवाजहरु सुनिएको सुनिश्चित गर्दै पत्रकारिताको कुशल अभ्यास मार्फत् सरकारको निरीक्षण गर्न सक्दछ ।
- ग्रामीण क्षेत्र, विपन्न समुदाय, अशिक्षित तथा सीमान्तीकृत समूहमा पुगेर उनका आवाजलाई राष्ट्रिय मुद्दाको रुपमा स्थापित गर्ने । संचारमाध्यमले नयाँ संविधान निर्माण र राज्यको रुपान्तरणका प्रक्रियामा प्रभावकारी रुपमा तिनको सहभागिता प्रबर्द्धन गराउन सक्दछ ।
- समाजमा महिलाको पहिचान एवं सकारात्मक विभेदको नीति अवलम्बनको प्रत्याभूति गर्ने वातावरण निर्माण गर्न सक्छ । सञ्चारमाध्यमले महिलाको सकारात्मक छवि तथा महिलाले द्वन्द्व समाधान/व्यवस्थापनमा पुऱ्याएको सकारात्मक योगदान बारे प्रस्तुत र प्रोत्साहन गर्न सक्दछ ।
- समाचार, विचार, बहस, हाजीरीजवाफ, बृत्तचित्र, जिङ्गल, स्पट आदि कार्यक्रममा यी मुद्दालाई सिर्जनात्मक ढंगबाट प्रस्तुत गर्ने, स्थान वा समय बढी दिने र उनका आवाजलाई प्रत्यक्षरुपमा समेट्ने क्रमलाई बढाउन सक्छ । संचारमाध्यमले समुदायलाई भेला गराएर संवैधानिक प्रक्रियामा छलफल गरी प्रकाशन-प्रसारण गर्नेजस्ता विशेष कार्यक्रम बनाएर जनचेतना अभिवृद्धिको अभियान चलाउन सक्दछ ।
- आचारसंहिता निर्माण र पालनामा दबाब, अनुगमनलगायत समग्र प्रक्रियाका अनुगमन गरी सार्वजनिक गर्न सक्दछ, उद्धारकर्ताको भूमिका खेल्न सक्दछ ।
- हालको संक्रमणकालीन अवस्थामा प्रस्ताव १३२५ अनुरुप द्वन्द्व समाधान/व्यवस्थापनका हरेक प्रक्रियामा महिला सहभागिता भए-नभएको अनुगमन गरी रिपोर्टिङ्ग तथा बहस सञ्चालन गरेर योगदान पुऱ्याउन सक्छ ।

## महिला, शान्ति र सुरक्षाको सम्बन्धमा लेख्न सकिने केही विषय, प्रस्तुति र सामाग्रीः

- समग्र प्रक्रियामा कस्तो प्रकारको संयन्त्रहरु अपनाइएका छन्, संविधान निर्माण गर्ने निकायमा महिलाको प्रतिनिधित्वको बारेमा छलफल परामर्श भयो-भएन, महिला अधिकार र उनीहरुको विचार संलग्न गराइयो कि गराइएन, महिलाहरुसँग छुट्टै बैठक भयो कि भएन भनेर रिपोर्टिङ्ग गर्ने ।
- लडाइँले विक्षिप्त भएको जिन्दगी लिएर घर आउने पुरुषहरुबाट महिलाले भोगेका हिंसा र पीडा तथा परिवार र समुदायलाई ठीक भएर अगाडि बढ्नको महिलाहरुले गरेको योगदान बारे रिपोर्टिङ्ग गर्ने ।
- छलफल/प्रशिक्षण कार्यक्रममा लैङ्गिक अवधारणालाई समेटिएको छ, छैन र सुरक्षा र संरक्षणको विषयमा कार्यक्रम कार्यान्वयन भएको छ, छैन मूल्यांकन गरी रिपोर्ट गर्ने ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन मस्यौदा प्रक्रियामा लैङ्गिक चासो लाई उचित रुपमा ध्यान दिई पहिचान गरिएको विषय तथा महिलाहरुसँग कस्तो प्रकारको छलफल परामर्श गरियो भनेर अनुगमन गर्ने ।
- सम्बन्धित सरकारी प्रतिनिधि/अधिकारीसँग द्वन्द्वले महिलालाई कस्तो असर पारेको छ? शान्तिको टेबुलमा महिलाको प्रतिनिधित्व बढाउन उनीहरुको रणनीति कस्तो छ? र संयुक्त राष्ट्र संघ सुरक्षा परिषद १३२५ प्रस्ताव उनीहरुको काममा कतिको सान्दर्भिक छ? भनेर अन्तर्वार्ता लिने ।
- संयुक्त राष्ट्रसंघको लैङ्गिक मूलप्रवाहीकरण गर्ने विशेष प्रतिबद्धताको सन्दर्भमा संयुक्त राष्ट्र संघ शान्तिस्थापना टोली र शान्ति निर्माण अभियानमा महिलाहरुको के कस्तो भुमिका रह्यो रिपोर्ट गर्ने ।
- नेपालका महिलाहरुलाई संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद १३२५ प्रस्ताव किन र कसरी महत्वपूर्ण छ र उनीहरुले कसरी यसको लागि वकालत गर्न सक्दछन् वा स्थानीय समुदायमा प्रस्तावमाथि कसरी सक्रियताको साथ काम गर्ने भनेर विश्लेषणात्मक रिपोर्ट तयार गर्ने ।
- क्याम्पमा भएका पूर्व लडाकु महिलाहरुको विभिन्न आवश्यकतालाई ध्यान दिइयो कि दिइएन? त्यहाँ सामान्य स्वास्थ्य वा सरसफाइको सुविधा छ छैन? पुनर्स्थापना र प्रमाणीकरण गर्दा कुनै प्रकारको भेदभाव भयो कि भएन? भन्नेमा अनुसन्धानात्मक प्रतिवेदन तयार पार्ने ।
- महिलाहरुले द्वन्द्वको बेला र द्वन्द्वपश्चात् समुदायको साथै नीति निर्माण तहसम्म खेलेका विभिन्न भूमिकाहरुको साथसाथै महिलाहरुको सकारात्मक सहभागिता र योगदानलाई प्रकाश पार्ने ।
- वर्षौंको द्वन्द्वपछि महिला र पुरुषहरु आफ्नो समुदायमा फर्कंदा भोगेका विभिन्न चुनौतीहरु, परिवार र फर्किएका पूर्व लडाकुबीचको तनाव र युद्धको परिणामस्वरुप वृद्धि भएका घरेलु हिंसाका घटनाहरुको अनुसन्धान एवं प्रकाशन-प्रसारण गर्ने ।
- द्वन्द्वको समयमा महिलाहरुले हासिल गरेका नयाँ सीप तथा नेतृत्व गुणहरुबाट आमा, श्रीमतीजस्ता परम्परागत भूमिकामा फर्कंदा आइपर्ने चुनौती तथा कठिनाइहरु ।
- पुनर्स्थापन र प्रमाणीकरण प्रक्रियामा महिलाहरुको सहभागिता तथा सम्पूर्ण शान्तिवार्तामा लैङ्गिक अवधारणा समाहित विषयहरु ।
- संयुक्त राष्ट्रसंघका दूतहरु, मिसन प्रतिनिधि तथा अन्य राष्ट्रिय कुटनीतिज्ञहरु सँग उनीहरुको मिसन योजना, लैङ्गिक दक्ष व्यक्ति आदिको सम्बन्धमा अन्तर्वार्ता लिने ।
- पुरुष तथा युवाहरुसँग द्वन्द्वको समयमा र हाल उनीहरुको श्रीमती/आमा/दिदी/बहिनी आदिले खेलेका महत्वपूर्ण भूमिकाहरुको बारेमा अन्तर्वार्ता लिने ।

## महिला, शान्ति र सुरक्षाको विषयमा समाचार सम्प्रेषणको लागि प्रयोग गर्न सकिने केही महत्वपूर्ण पर्वहरू:

**मार्च ८, अन्तर्राष्ट्रिय महिला दिवस:** यो विश्वभरिको महिला समूहहरुले मनाउने पर्व हो । यो दिवस संयुक्त राष्ट्रसंघले पनि मनाउँदछ र थुप्रै देशहरुमा राष्ट्रिय बिदा दिइन्छ । बढ्दो महिला आन्दोलनलाई विश्वव्यापी संयुक्त राष्ट्रसंघीय महिला सम्मेलनले ऊर्जा प्रदान गरेको छ र महिला अधिकार, आर्थिक र राजनैतिक सहभागिताको लागि माग गर्न समन्वयात्मक प्रयासले ऱ्याली आयोजना गर्न पनि मद्दत पुऱ्याएको छ । बढ्दो रुपमा, अन्तर्राष्ट्रिय महिला दिवसलाई हासिल भएका प्रगतिहरु पुनरावलोकन गर्ने, परिवर्तनको लागि आह्वान गर्ने र साहस र दृढताको सम्मान गर्ने तथा महिला अधिकारको इतिहासमा सामान्य महिलाहरुले खेलेको विशिष्ट भूमिकाहरुको सम्मान गर्ने समय हो ।

**सेप्टेम्बर २१, अन्तर्राष्ट्रिय शान्ति दिवस:** संयुक्त राष्ट्रसंघबाट सन् १९८१ मा स्थापना भएको हो, अन्तराष्ट्रिय शान्ति दिवस पहिलो पटक सेप्टेम्बर १९८२ मा मनाइएको थियो । यो पर्वले व्यक्ति, संघ संस्था र राष्ट्रलाई संयुक्त रुपले शान्तिको लागि वास्तविक रुपमा काम गर्ने अवसर प्रदान गर्दछ । अन्तर्राष्ट्रिय शान्ति दिवसलाई विश्वभरका बालबालिकामाथि अहिंसा र शान्तिको संस्कृतिको दशक २००१–२०१० को रुपमा पनि लिइन्छ ।

**अक्टोबर ३१, संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ अनुमोदन भएको वार्षिकोत्सव:** संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ यस्तो अमूल्य दस्तावेज हो, जसले पहिलो पटक महिला र बालिकामा सशस्त्र द्वन्द्वले पारेको असर र द्वन्द्व रोकथाम, शान्ति स्थापना/मध्यस्थता, द्वन्द्व समाधान र शान्ति निर्माणमा उनीहरुले पुऱ्याएको योगदानको कदरलाई सम्बोधन गरेको छ । महिला समूह तथा विश्वभरका नागरिक समाजले विभिन्न कार्यक्रम आयोजना गरेर संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव १३२५ अनुमोदन भएको दिवस मनाउँछन् र यसको पूर्ण कार्यान्वयनको लागि ध्यानाकर्षण गराउँदछन् ।

**नोभेम्बर २५ देखि १० डिसेम्बर, महिलाविरुद्ध हिंसामा १६ दिवसीय अभियान:** यो अभियान विश्वव्यापी रुपमा महिला आन्दोलन र महिलाविरुद्ध हिंसा समाप्त गर्ने नेटवर्कको संज्ञा हो । यो विश्वभरिको सयौं देशहरुमा संचार कार्यक्रम, विरोध प्रदर्शनी, सम्मेलनजस्ता विभिन्न प्रकारका कार्यक्रमहरु प्रदर्शन र प्रस्तुत गरेर मनाइन्छ । १६ दिवसीय अभियानको पहिलो दिन २५ नोभेम्बरलाई महिलाविरुद्ध हिंसा उन्मूलन गर्नेर्ने अन्तर्राष्ट्रिय दिवसको रुपमा लिइन्छ र अन्तिम दिन १० डिसेम्बरलाई १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणा गरी स्वीकार गरेको रुपमा मनाइन्छ । यो १६ दिनको अवधिभर सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाहरु र गैरसरकारी संस्थाहरुले महिलाविरुद्धको हिंसाको विभिन्न पक्ष र आयामहरुमाथि जनचेतना जगाउने कार्यक्रमहरु आयोजना गर्दछन् ।

**तीज:** अगष्ट महिनामा पर्ने तीज नेपाली हिन्दू महिलाहरुको लागि विशेष दिन हो । यो पर्व श्रीमानको दीर्घायुको लागि महिलाहरुले व्रत बसेर मनाउँछन् तर अहिलेका दिनहरुमा यसलाई सँगै बसेर रमाइलो गर्ने पर्वको रुपमा पनि लिइन्छ । यस दिनलाई महिलाको शक्ति, वीरता र परिवारलाई संयुक्त राख्न उनीहरुले पुऱ्याएको योगदानको सम्मान गर्ने दिनको रुपमा लिन सकिन्छ ।

**आमाको मुख हेर्ने:** मूख्यत: हिन्दु र बौद्ध धर्मावलम्वीहरुले यो दिन आफ्ना आमालाई सम्मान गर्ने दिनको रुपमा लिन्छन र उनलाई श्रद्धा अर्पण गर्छन । यो दिनलाई आमाको योगदान र भूमिकाको बारेमा स्मरण तथा सम्मान गर्ने दिनको रुपमा मनाउन सकिन्छ । अन्य धर्म, जातजाती, समुदायमा रहेका मातृ शक्तिलाई सम्मान गर्ने दिनहरुलाई पनि यसमा समेट्न सकिन्छ ।

**श्रोत:**

१३२५ मिडिया किट, ईन्टरन्याशनल ओमेन्स ट्रिव्युन सेन्टर, २००६

ईनक्लुसिभ सेक्यूरिटी सस्टेनेवल पिस ए टुलकिट फर एडभोकेसी एण्ड एक्शन: ईन्टरन्याशनल अलर्ट एण्ड ओमन वेजिङ्ग पिस, २००४

सेक्यूरिटी काउन्सिल १३२५ एनोटेटेड एण्ड एक्सप्लेन्ड, यूनिफेम

# महिला, शान्ति र सुरक्षा सम्बन्धी थप जानकारी पाउन सकिने केही वेबसाईटहरु:

Inclusive Security, Sustainable Peace:
A Toolkit for Advocacy and Action
http://www.huntalternatives.org/pages/87_inclusive_security_toolkit.cfm

NGO working Group on Women, Peace and Security
www.womenpeacesecurity.org

Peace Women (Women's International League for Peace and Freedom)
www.peacewomen.org

Women's Commission for Refugee Women and Children
www.womenscommission.org

HAGUE APPEAL for PEACE
www.peaceboat-us.org

UNIFEM
www.unifem.org/ http://www.womenwarpeace.org/csw/1325_home.htm

Women's Action for New Directions
www.wand.org

International Women's Tribune Centre
www.iwtc.org

Femmes Africa Solidarite (FAS) (Africa)
www.fasngo.org/

International Alert
www.international-alert.org

Initiative for Inclusive Security (formerly known as Women Waging Peace)
http://www.huntalternatives.org/pages/7_the_initiative_for_inclusive_security.cfm

Fiji Women's Crisis Centre
www.fijiwomen.com

Commission on women and Development (CWD)
www.dgdc.be/en/topics/gender/index.html

Humanitarian Assistance, Peace and Security Program
www.acdi-cida.gc.ca/cida_ind.nsf/vall/

The Peace Building Fund
www.acdi-cida.gc.ca/cida_ind.nsf/d86cbc87319a898c8

United Nations Women Peace and Security
www.womenwatch/daw/public/eWPS.pdf

Rojas, Catalina. In the Midst of War: Women's Contribution to Peace in Colombia
www.womenwaginpeace.net/content/articles/colombiaFullCaseStudy.pdf

Women's Equal Participation in Conflict Prevention, Management and Conflict Resolution and in Post Conflict Peace Building
www.un.org/womenwatch/daw/csw/csw48/ac-wp-auv.pdf

Women Peace and Security, Study submitted by Secretary-General Pursuant to Security Council Resolution 1325 (2000)
www.un.org/womenwatch/daw/public/eWPS.pdf

Negotiating the Transition to Democracy and Reforming the Security Sector
www.womenwaginpeace.net/content /articles/ SouthAfricaSecurityFullCaseStudy.pdf

The Beijing Platform for Action
www.un.org/womenwatch/daw/beijing/platform/plat1.html

Women War and Peace
www.womenwarpeace.org/csw/1325_home.htm

The Gender Dimension of Post Conflict Reconstruction
www.wider.unu.edu/conference/conference-2004-1/ conference%202004-1-papers/ Zuckerman-Greenberg-0206.pdf

Mainstreaming a Gender Perspective in Multidimensional Peace Operations
www.peacekeepingbestpractices.unlb.org/ Nbestpractices.asp?bpr_id=3011

Human Rights Watch, Women's Human Rights
www.hrw.org/women/html

UN Commission on the Status of Women
www.un.org/womenwatch/daw/csw/

UN Committee Against Torture
www.unhchr.ch/html/menu2/6/cesr.html

# महिला, शान्ति र सुरक्षामा कार्यरत केही राष्ट्रिय संघ संस्थाहरू

**वियोण्ड बेईजिङ्ग कमिटी**
फोन नं.: ९७७–०१ –५५३०८८०/५५२००५४
ईमेल: beyondbeijing@wlink.com.np

**यातना पीडित सरोकार केन्द्र**
फोन नं.: ९७७–०१ –४३७३९०२/४३७३४८६
वेबसाईट: www.cvict.org.np

**नेपालमा बाल श्रमीक (सिवीन)**
फोन नं.: ९७७–०१ –४२७८०६४/४२८२२५५

**सि.ए.सि नेपाल**
फोन नं.: ९७७–०१ –४४३७५०८६/४३७८०३५
ईमेल: cac_nepal@cac_nepal.wlink.com.np, cac_nepal@hotmail.com

**दिदी बहिनी**
फोन नं.: ९७७–०१ –४२२६७५३
वेबसाईट: www.didibahini.org

**महिला कानून तथा विकास मञ्च**
फोन नं.: ९७७–०१ –४२४२६८३/४२६६४१५
ईमेल: www.fwld.fwld@wlink.com.np

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक)**
फोन नं.: ९७७–०१ –४२७८७७०
वेबसाईट: www.inseconline.org

**ईह्रिकन**
फोन नं.: ९७७–०१ –४२३१०७९
वेबसाईट: www.ihricon.org

**जागरण नेपाल**
फोन नं.: ९७७–०१ –४२१९४३९
वेबसाईट: www.jagarannepal.org

**कानुनी सहायता तथा परामर्श केन्द्र (ल्याक)**
फोन नं.: ९७७–०१ –५५४३१११/५५४२९९९
वेबसाईट: www.laccnepal.com

**राष्ट्रिय मानव अधिकार आयोग**
फोन नं.: ९७७–०१ –५५२९६५९/५५२५८४२
वेबसाईट: www.nhrc-nepal.org

**नेपाल बाल संगठन**
फोन नं.: ९७७–०१ –४४११२०२/४४१०८४४
वेबसाईट: www.nhrc-nepal.org

**साथी**
फोन नं.: ९७७–०१ –५५५४५६०/५००००६३
ईमेल: saathi.ktm@gmail.com

**संचारिका समुह**
फोन नं.: ९७७–०१ –५५३८५४९/५५४६७१५
ईमेल: sancharika@wlink.com.np

**साउथ एशिया पार्टनरसिप नेपाल (साप नेपाल)**
फोन नं.: ९७७–०१ –४२२३२३०/४२२३०५०
वेबसाईट: www.sapnepal.org

**मानव अधिकारको लागि एकल महिला समुह**
फोन नं.: ९७७–०१ –४४४६०२०
वेबसाईट: www.whr.org.np

**महिला सुरक्षा दवाव समुह**
फोन नं.: ९७७–०१ –४४१९८४५
ईमेल: wspg@mail.com.np

**महिला पुनर्स्थापन केन्द्र**
फोन नं.: ९७७–०१ –२१२३१२४/२१२३१३६
वेबसाईट: www.worecnepal.org

**शान्तिको लागि संयुक्त अभियान (कोक्याप)**
फोन नं.: ९७७–०१ –४२६५१४३/४२६०४९८
वेबसाईट: www.cocap.org.np

**शान्तिको लागि साथीहरु**
फोन नं.: ९७७–०१ –४४८०४०६
वेबसाईट: www.friendsforpeace.org.np

**नागरिक आवाज**
फोन नं.: ९७७–०१ –५५३६०४८/५५५३८०९
वेबसाईट: www.nagarikaawaz.org.np

**राष्ट्रिय शान्ति अभियान**
फोन नं.: ९७७–०१ –४२१५१४२/४२१५१४३
वेबसाईट: www.campaign.org.np

**शान्ति मालिका**
फोन नं.: ९७७–०१ –२३१०७९
वेबसाईट: www.ihricon.org

*(श्रोत: युनिफेम, ए र्‍यापिड स्क्यान, अर्गनाईजेशन्स वर्किङ्ग अन विमेन एण्ड पिस ईन नेपाल, २००६)*